# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## मालसामान लिलाम बिक्री सम्बन्धी सूचना

**प्रकाशित मिति २०७७/०८/२५ गते**

यस कम्पनीको प्रधान कार्यालयमा विगत वर्ष देखि मौज्दात सर्दै अएका पुनः प्रयोगमा आउन नसक्ने सवारी साधन, कार्यालय फर्निचर, कार्यालय मालसामान तथा अन्य विविध सम्पत्ति जे-जस्तो अवस्थामा छन सोही अवस्थामा सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक फर्म, संघ संस्था तथा व्यक्तिहरुलाई सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ।

**तपसिल**

शर्तहरु:-

१. लिलाम बिक्री गरीने अनुसूची-१ अनुसारका मालसामानहरुको कूल न्यूनतम लागत मूल्य रु.१,८३,०३५/- रहेको छ। सो रकममा नघट्ने गरी बोलपत्र पेश गर्नुपर्नेछ।

२. बोलपत्रदाताले रु.१०००/- (फिर्ता नहुने गरी) नगद बुझाई यस कार्यालयबाट बोलपत्र प्राप्त गर्न सक्नेछ।

३. बोलपत्रदाताले धरौटी बापत आफुले कबुल गरेको दरको १०% ले हुने रकमको नगदी रसिद वा रकम बुझाएको निस्सा प्रमाण साथ पेश गर्नुपर्नेछ।

४. बोलपत्रदाताले बोलपत्र पेश गर्दा फर्ममा उल्लेखित विवरण अनुसारको दरमा उल्लेख गरी एकमुष्ट रकम कबुल गर्नुपर्ने छ। दररेट उल्लेख गर्दा अंक र अक्षरमा प्रष्टसँग बुझिने गरी लेख्नु पर्ने छ र अंक अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। साथै सामान उठाई लैजादा सबै सामान लिई जानु पर्ने छ।

५. रित नपुगी वा म्याद नाघि आएका बोलपत्र उपर कुनै किसिमको कारवाही गरीने छैन।

६. बोलपत्र सूचना प्रकाशित भएको मितिले २१औं दिन अर्थात २०७७/०९/१५ गते सम्म कार्यालय समय भित्र खरिद गरी सक्नु पर्नेछ।

७. खरिद गरीएका बोलपत्रहरु २२औं दिन २०७७/०९/१६ गते दिनको १२ बजे भित्र यस कम्पनीको सामान्य प्रशासन शाखामा दर्ता गरीसक्नु पर्नेछ। पेश हुन आएका बोलपत्रहरु सोही दिन दिनको २ बजे प्रधान कार्यालयमा विभिन्न प्रतिनिधि तथा बोलपत्रदाताहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता उपस्थित नभएमा पनि सो कार्य गर्न बाधा पर्ने छैन।

८. लिलाम गरीने मालसामानहरु हेर्न चाहेमा कम्पनीको प्रधान कार्यालयको सामान्य प्रशासन शाखामा उपस्थित भई वा फोन नं.४२४७८८३ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

९. पेश हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा निहित हुनेछ।

१०. सवारी साधनको हकमा सम्बन्धित कार्यालयबाट दर्ता नामसारी नहुने भएकोले सोही व्यहोरा अनुसार दररेट उल्लेख गर्नुपर्नेछ।

११. कबोल दरमा अन्य कर तथा शुल्कहरु बुझाउनु पर्ने भएमा बोलपत्रदाताहरु आफैले कर तथा दस्तुरहरु बुझाउन पर्नेछ।

१२. यस सूचनामा समावेश नभएका शर्तहरु प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

मानव संसाधन विभाग
प्रधान कार्यालय काठमाडौं
फोन नं.४२४८८८३